# रोष्टर छनौट तथा परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि

# २०७९

## शिक्षा युवा तथा खेलकुद शाखा

रावा बेसी गाउँपालिकाको कार्यालय

हरमटार , कुभिण्डे, खोटाङ

प्रदेश नं.१, नेपाल

## रोष्टर छनौट तथा परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि २०७९

### प्रस्तावना

यस रावाबेसी गाउँपालिकाका ६ वटै वडामा अवस्थित २८ ओटा सामूदायिक विद्यालयहरूमा दरबन्दी (करार), राहत तथा अनुदानका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता एवम् विद्यालय कार्मचारीहरू छनोट गर्ने प्रयोजनको लागि विषय विज्ञ (रोष्टर) आवश्यक पर्ने भएकाले पालिका स्तरमा परीक्षा लिई शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ (संशोधन सहित) तथा शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) 'ज' को १ र २० लाई आधार मानी सोही बमोजिम सिफारिस गर्न र विद्यालयको शैक्षिक क्रियाकलाप सहज र सरल रुपमा गरी शैक्षिक गुणस्तरमा सहयोग पुर्याउन वाञ्छनीय भएकोले गाउँपालिका भित्र आवश्यक माथि उल्लेखित बमोजिमका शिक्षक तथा कर्मचारीको उल्लेखित बमोजिमको प्रक्रियाबाट परीक्षा लिई सिफारिस समेत गर्ने उद्देश्यले यस कार्यविधि प्रस्ताव गरी लागु गर्न रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**सङ्क्षिप्त नाम र प्रारम्भः**

**(१)** यस कार्यविधिको नाम "**रोष्टर छनौट तथा परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि २०७९**" रहेको छ ।

**(२)** यो कार्यविधि रावा बेसी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि अर्को कुनै व्यवस्था नहुञ्जेल सम्मका लागि लागू हुनेछ ।

**(३) परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रावा बेसी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "विद्यालय" भन्नाले रावा बेसी गाउँपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरु सम्झनु पर्दछ ।

(घ) "गाउँ शिक्षा समिति" भन्नाले गाउँ शिक्षा ऐन २०७८ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ङ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले रावा बेसी गाउँपालिकाको शिक्षा हेर्ने शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

## परिच्छेद-२

### ४. रोष्टरको लागि आवश्यक योग्यता

**४.१ बालविकास सहयोगी कार्यकर्ताको लागि**

क. न्युनतम सेवा अवधि -  प्रा.वि तहमा नियुक्त भई ३ वर्षदेखि अविछिन्न रुपमा सेवामा रहेको,

ख. न्युनतम शैक्षिक योग्यता- शिक्षा शास्त्र सङ्कायमा +२ वा सो सरह उतीर्ण गरेको

**४.२ विदयालय कर्मचारी (लेखा) को लागि**

क.रावा बेसी गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत कम्तिमा ३ वर्ष प्रधानाध्यापकको रुपमा सेवा गरेको,

ख. लेखा सम्बन्धी ज्ञान भएको

**४.३ (अ) विदयालय कर्मचारीको लागि**

क.रावा बेसी गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत भई कम्तिमा ३ वर्ष प्रधानाध्यापकको रुपमा सवा गरेका,

**४.४ आधारभूत  तह (१-५) शिक्षकको लागि**

क. न्युनतम सेवा अवधि -  आ.वि (१-५) तहमा नियुक्त भई ३ वर्षदेखि अविछिन्न रुपमा सेवामा रहेको

ख. न्युनतम शैक्षिक योग्यता - शिक्षा शास्त्र सङ्कायमा +२ वा सो सरह उतीर्ण गरेको

**४.५ आधारभूत  तह (६-८) शिक्षकको लागि**

क. न्युनतम सेवा अवधि – सम्बन्धित विषयमा आ.वि (६-८) वा मा.वि (९-१२) तहमा नियुक्त भई ३ वर्षदेखि अविछिन्न रुपमा सेवामा रहेको

ख. न्युनतम शैक्षिक योग्यता – शिक्षा सास्त्र संकायमा सम्बन्धित विषय लिई स्नातक उतीर्ण गरेको

**४.६ माध्यमिक  तह (९-१०) शिक्षकको लागि**

क. न्युनतम सेवा अवधि – सम्बन्धित विषयमा मा.वि (९-१०) वा मा.वि (११-१२) तहमा नियुक्त भई ३ वर्षदेखि अविछिन्न रुपमा सेवामा रहेको

ख. न्युनतम शैक्षिक योग्यता – शिक्षा शास्त्र सङ्कायमा सम्बन्धित विषय लिई स्नातक उतीर्ण गरेको

४.७ **माध्यमिक तह (११-१२) शिक्षकको लागि**

क. न्युनतम सेवा अवधि- मा.वि तहमा सम्बन्धित विषयमा द्वितीय श्रेणीमा कार्यरत शिक्षक वा खोटाङ जिल्लाभित्र रहेका आंगिक वा निजी क्याम्पसको दरबन्दीमा कार्यरत स्नातक तहमा कम्तिमा २ वर्ष अध्यापन गरेको प्राध्यापक

ख. न्युनतम शैक्षिक योग्यता- शिक्षा शास्त्र संकायमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर उतीर्ण गरेको

**५.रोष्टर सूचि छनौट प्रक्रियाः**

**५.१ सूचना प्रकाशन गर्नुपर्नेः** रोष्टर छनौट प्रयोजनका लागि गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले १५ दिनको समय अवधि राखी सूचना प्रकाशित गर्नेछ ।

**५.२ पेश गर्नुपर्ने कागजातहरुः** योग्यतासँग सम्बन्धित रहेर शिक्षा युवा तथा खेलकुद शाखाले सूचनामा खुलाए बमोजिमका कागजातहरु ।

**५.३ रोष्टरका लागि निवेदन दस्तुरः** तोकिएको योग्यता पुरा गरेका सम्बन्धित तहका रोष्टरहरुका लागि देहाय बमोजिमको आवेदन दस्तुर निर्धारण गरिएको छ ।

**तपसिल**

| क्र.सं. | तह | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक सहायक/कार्यालय सहयोगी/बाविके तथा सामुदायिक सिकाइ केन्द्र स.का. को परीक्षा गर्ने रोष्टरको प्रयोजनका लागि | १००/- | |
| २ | आधारभूत तह (प्रा.वि./नि.मा.वि) को परीक्षा गर्ने रोष्टरको प्रयोजनका लागि | २००/- | |
| ३ | माध्यमिक तह (मा.वि. कक्षा ९-१०) | ३००/- | |
| ४ | माध्यमिक तह (साविक उ.मा.वि. कक्षा ११-१२) | ४००/- | |

**५.४ रोष्टरले प्राप्त गर्ने पारिश्रमिक सेवा सुविधाः** तोकिएको योग्यता पुरा गरेका सम्बन्धित तहका रोष्टरहरुका लागि देहाय बमोजिमको पारिश्रमिक सेवा सुविधाहरु निर्धारण गरिएको छ ।

<u>तपसिल</u>

| क्र.सं. | तह | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक सहायक/कार्यालय सहयोगी/बाविके तथा सामुदायिक सिकाइ केन्द्र स.का. / पालिका अनुदान तथा सिकाइ अनुदानको परीक्षा गर्ने रोष्टरको प्रयोजनका लागि | २०००/- | |
| २ | आधारभूत तह (प्रा.वि./नि.मा.वि) को परीक्षा गर्ने रोष्टरको प्रयोजनका लागि | २५००/- | |
| ३ | माध्यमिक तह (मा.वि. कक्षा ९-१०) | ३५००/- | |
| ४ | माध्यमिक तह (साविक उ.मा.वि. कक्षा ११-१२) | ५०००/- | |

**५.५ पारिश्रमिक उपलब्ध गराउनेः** परीक्षाको लागि छनोट भएका रोष्टरलाई गाउँपालिकाले लागत कोषको व्यवस्था नगरे सम्मका लागि विद्यालयले विद्यालयको कोषबाट नै उपलब्ध गराउनु पर्ने छ ।

**५.६ रोष्टर कायम रहने अवधिः** रोष्टर नियुक्ति भएको शैक्षिक सत्रका आधारमा जम्मा ३ वर्षसम्म कायम रहनेछ । म्याद समाप्त भईसकेपछि वा अनिवार्य/स्वेच्छिक अवकास, अन्तरपालिका/जिल्लान्तर सरुवा भई रोष्टरको पद रिक्त भएमा सोही तह र पदमा शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत नियमित रुपमा सूचना प्रकाशित गरी कार्यविधि बमोजिम कार्यान्वयन गर्दै लगिनेछ ।

**५.७ रोष्टर छनोट गर्नेः** परीक्षा हुनुभन्दा बढीमा १२ घण्टा अगावै रोष्टरको सूचिमा सुचिकृत शिक्षकहरूमध्ये शिक्षा शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षको रोहवरमा गोलाप्रथाद्वारा प्राथमिकीकरणका आधारमा बढीमा दुई जना रोष्टर छनोट गरी उहाँहरूलाई गोप्य माध्यमबाट जानकारी गराई आमन्त्रण गरिने छ ।

**५.८ परीक्षा व्यवास्थापन तथा नियमनः** परीक्षा सुरु भए पश्चात परीक्षा समिति सम्बद्ध व्यक्तिहरूभन्दा बाहेक कुनै पनि बाह्य व्यक्तिलाई प्रवेश निषेध गरिने छ यदि कुनै व्यक्ति जबर्जस्ती परीक्षा हलमा प्रवेश गर्न खोजे वा शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा १७ को उपदफा १ क (ग) बमोजिमको कार्य गर्न खोजे दफा १ को उपदफा १ (क) बमोजिम सजाय हुनेछ ।

**५.९ परीक्षार्थीको तहगत आवेदन शूल्क निर्धारणः** करार शिक्षक तथा राहत ,कर्मचारी लगायत कार्यविधिमा तोकिएका पदहरुमा विज्ञापन गर्दा सम्बन्धित विद्यालयहरूले बढीमा तपसिलमा उल्लेखित आवेदन शुल्क भन्दा धेरै रकम लिन पाईने छैन यदि तोकिए भन्दा बढी रकम लिएको पाइएमा कानुन बमोजिम कारबाही गरिनेछ ।

**तपसिल**

| क्र.सं. | तह | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक सहायक/कार्यालय सहयोगी/बाविके तथा सामुदायिक सिकाइ केन्द्र स.का. / पालिका अनुदान तथा सिकाइ अनुदानको परीक्षाका लागि | ५००/- | |
| २ | आधारभूत तह (प्रा.वि.) को परीक्षाका लागि | १०००/- | |
| | आधारभूत तह (नि.मा.वि) को परीक्षाका लागि | १५००/- | |
| ३ | माध्यमिक तह (मा.वि. कक्षा ९-१०) | २०००/- | |
| ४ | माध्यमिक तह (साविक उ.मा.वि. कक्षा ११-१२) | २५००/- | |

**६. विशेष व्यवस्था गर्न सकिनेः** प्रशासनिक सहायक/कार्यालय सहयोगीको परीक्षाका लागि आवश्यकतानुसार लेखा र कम्प्युटर सम्बन्धि विषयलाई छुट्टै रोष्टरको व्यवस्था गर्ने प्रयोजनका लागि रावा बेसी गाउँपालिकाका सम्बन्धित विषयमा दक्ष कर्मचारी समेतलाई रोष्टर (विषय विज्ञ) का रुपमा सम्बन्धित शाखाले उपयोग गर्न सक्नेछ ।

**७. मापदण्डको पालनाः** यस कार्यविधिको मापदण्ड भित्र रहेर सम्बन्धित पक्षहरुले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

**८. संशोधन गर्न सकिनेः** गाउँ कार्यपालिकाको बैठकले गाउँ शिक्षा समितिको सिफारिसमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**९. सार्थकताः** रोष्टर तथा परीक्षा सञ्चालन गर्ने करार शिक्षक तथा कर्मचारी छनौट समितिका काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गरी नेपालको संविधान अनुसारको शिक्षासम्बन्धि अधिकारको प्रत्याभूति गर्ने र विद्यलयमा रिक्त करार शिक्षक, कर्मचारी, वा.वि.के सका, सिकाइ केन्द्रका सका आदिका पदमा निश्पक्ष तथा स्वतनत्र पुर्वक परीक्षा लिई सिफारिस गर्ने विश्वासका साथ यो कार्यविधि तयार गरी स्थानीय तह अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत यसलाई मुख्य दिशाबोधका रुपमा लिई शैक्षिक जनशक्ति व्यवस्थापन तथा परिचालन कार्यमा सहयोगी  हुनेछ ।

**१०.बाझिएको हकमा अमान्य हुनेः** यस कार्यविधिको प्रचलित संविधान, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ संग बाझिएमा बाझिने हदसम्म अमान्य हुनेछ ।